नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## कर्णाली प्रदेश अन्तर्गतको कालिकोट जिल्लामा श्री विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा निर्माणका लागि प्रस्तावित ४८० मेगावाट क्षमताको फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावका लागि आह्वान गरिएको सम्बन्धमा

## सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/६/११**

प्रस्तावक श्री विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा निर्माणका लागि प्रस्तावित फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना ४८० मेगावाट (मुख्य आयोजनाको ४७४ मेगावाट र वातावरणीय प्रवाहबाट उत्पादन हुने ६ मेगावाट) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित अर्धजलाशययुक्त जलविद्युत आयोजनाको जलाशयको भण्डार क्षमता ७९७.८ लाख घनमिटर र जलाशयको लम्बाइ ११ किलोमिटर रहनेछ । आयोजनाका मुख्य संरचनाहरूमा नदीको पिँधबाट १०९ मिटर अग्लो बाँध, पावर इन्टेक, ६,०३९.०८ र ५,८७३.७३ मिटर लम्बाइका दुई वटा हेडरेस सुरुङ, दुई वटा प्रेसर साफ्ट, भूमिगत प्रकारको पावर हाउस र २ वटा टेलरेस सुरुङ र वातावरणीय प्रवाहबाट उत्पादन हुने ६ मेगावाट आयोजनाका लागि बाँधसँगै जोडिएको इन्टेक र सतही पावर हाउस रहनेछ । कर्णाली राजमार्गदेखि अडिटसम्म पुग्न दुई स्थानमा गरी करिब ६५४ मिटर आन्तरिक पहुँच सडक र निर्माणको बेला कर्णाली राजमार्गको डाइभर्सन गर्न आवश्यक पर्ने २ वटा बेली ब्रिज सहित करिब १,२०३ मिटर लामो डाइभर्सन सडक निर्माण गर्ने प्रस्ताव गरिएको छ ।

प्रस्तावित जलविद्युत आयोजनाको विभिन्न संरचनाहरूको निर्माण तथा जलाशयमा हुने डुबान क्षेत्रका लागि निजी स्वामित्वको ६४.२६ हेक्टर र सरकारी स्वामित्वको वन क्षेत्र २८८.९८ हेक्टर गरी कुल ३५३.२५ हेक्टर क्षेत्र आवश्यक पर्नेछ । सरकारी स्वामित्वको वन क्षेत्र २८८.९८ हेक्टरमध्ये नदी तथा बगर क्षेत्र ९०.३८ हेक्टर र बाँकी १९८.६ हेक्टर वन, झाडी, घाँसे मैदान लगायतको क्षेत्र प्रयोग गरिनेछ ।

**आयोजनाबाट प्रभाव पर्ने जिल्ला/नगरपालिका/गाउँपालिका :**

| | |
|---|---|
| प्रभाव क्षेत्रमा पर्ने जिल्ला/न.पा./गा.पा. | कर्णाली प्रदेश कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका वडा नं. १, २, ३ र ४ खाँडाचक्र नगरपालिका वडा नं. १ र ११ रास्कोट नगरपालिका वडा नं. ६, ७, ८ र ९ र पचालझरना गाउँपालिका वडा नं. १, २, ४, ५, ७, ८ र ९ |

**आयोजनाका मुख्य विशेषताहरु:**

| क्र.सं. | विवरणहरु | विशेषताहरु |
|---|---|---|
| १. | सामान्य विवरण | |
| | आयोजनाको नाम | फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत (४८० मे.वा.) |
| | प्रस्तावक | श्री विद्युत उत्पादन कम्पनी लिमिटेड |
| | प्रदेश | कर्णाली |
| | जिल्ला | कालीकोट |
| | नदी | कर्णाली |
| | आयोजनाको प्रकार | अर्धजलाशययुक्त |
| २. | वार्षिक ऊर्जा उत्पादन | |
| | सुक्खा मौसममा ऊर्जा उत्पादन | अफ पिक ऊर्जा २६३.७५ गिगावाट घण्टा, र पिक ऊर्जा ४८१.०५ गिगावाट घण्टा |
| | वर्षा मौसममा ऊर्जा उत्पादन | १,७०३.८ गिगावाट घण्टा |
| | जम्मा वार्षिक ऊर्जा उत्पादन | २,४४७.८८ गिगावाट घण्टा |
| ३. | जल विज्ञान | |
| | जलाधार क्षेत्र | १६,९०२ वर्ग किलोमिटर |
| | औसत वार्षिक प्रवाह | ३२८ घनमिटर प्रति सेकेन्ड |
| | सम्भावित अधिकतम बाढी प्रवाह | १५,८८२ घनमिटर प्रति सेकेन्ड |
| | औसत डिजाइन प्रवाह | ३४८ घनमिटर प्रति सेकेन्ड |
| | बाढी प्रवाह (१०० वर्षमा) | ३,६४८ घनमिटर प्रति सेकेन्ड |

| | | |
|---|---|---|
| ४. | नदीको डाइभर्सन कार्य | |
| | डाइभर्सन प्रवाह | २.७७७ घनमिटर प्रति सेकेन्ड |
| | डाइभर्सन सुरुङको सङ्ख्या | २ वटा |
| | कफर बाँध | बाँधको अक्षबाट २३५ मिटर माथिल्लो भागमा ३६ मिटर उचाइको माथिल्लो कफर बाँध रहनेछ जसको माथिल्लो भागको लम्बाइ १४५ मिटर हुनेछ भने बाँधको अक्षबाट ३७५ मिटर तल्लो भागमा ८.५ मिटर उचाइको तल्लो कफर बाँध रहनेछ जसको माथिल्लो भागको लम्बाइ १०० मिटर हुनेछ। |
| ५. | आयोजनाबाट प्रभावित घरपरिवार, व्यापार तथा व्यवसाय | कुल ७४७ घरपरिवार प्रभावित हुने (४३९ घरपरिवारको जग्गा मात्र, १०५ घरपरिवारको जग्गा सहित घर संरचना, १०३ घरपरिवारको घर संरचना मात्र)। प्रभावित हुने मुख्य व्यापार तथा व्यवसायमा २७ होटल, १२ किराना पसल, २ कस्मेटिक पसल, ५ पानीघट्ट, २ कपडा पसल। |
| ६. | आयोजनाबाट प्रभावित सार्वजनिक संरचना | २ झोलुङ्गे पुल, ४ मरणघाट, १ शहीद पार्क, १ चौतारा, १ मन्दिर, १ पानीधारा। |

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले विद्युत उत्पादन कम्पनी लिमिटेडबाट निर्माणका लागि प्रस्तावित फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत (४८० मेगावाट) आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको website: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय सुझावहरूलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिनभित्र आफ्नो राय-सुझाव निम्न ठेगानामा पठाइदिनुहुन भनी सूचनाद्वारा आह्वान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू :**

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुपुन्डोल, ललितपुर।
(फोन नं. कुपुन्डोल - ५५५५४५५, महाराजगन्ज - ४४१५३७६)।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मान्म, कालीकोट।
श्री सान्नी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालीकोट।
श्री खाँडाचक्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कालीकोट।
श्री रास्कोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कालीकोट।
श्री पचालझरना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालीकोट।

**राय सुझाव पठाउने ठेगाना**
**वन तथा वातावरण मन्त्रालय**
**वातावरण प्रभाव अध्ययन शाखा**
सिंहदरबार, काठमाडौं। फो.नं. ०१-४२११५६७, ४२११६३८
फ्याक्स नं. ०१-४२११८६८ Email:- info@mofe.gov.np